मिति २०८२/०९/२४ गते यस पाल्हीनन्दन गाउँपालिका अध्यक्ष बैजु प्रसाद गुप्ता (दिपक) ज्युको अध्यक्षता र तपसिलका वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुको उपस्थितिमा कार्यपालिका बैठक बसि निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बैजु प्रसाद गुप्ता (दिपक) | गा.पा. अध्यक्ष | |
| २ | फातुमा खातुन अंसारी | गा.पा. उपाध्यक्ष | |
| ३ | दिनेश कुमार गौंड | सदस्य सचिव(प्र.प्र.अ.) | |
| ४ | चुल्हाई प्रसाद यादव | वडा नं. १ अध्यक्ष | |
| ५ | जगदिश प्रसाद गुप्ता | वडा नं. २ अध्यक्ष | |
| ६ | गोधन प्रसाद हरिजन | वडा नं. ३ अध्यक्ष | |
| ७ | रविन्द्र कुमार सहानी | वडा नं. ४ अध्यक्ष | |
| ८ | दयाशंकर त्रिपाठी | वडा नं. ५ अध्यक्ष | |
| ९ | कृष्णचन्द्र यादव | वडा नं. ६ अध्यक्ष | |
| १० | अनामिका हरिजन | कार्यपालिका सदस्य | |
| ११ | अनिता सहानी | कार्यपालिका सदस्य | |
| १२ | अनिल रजक | कार्यपालिका सदस्य | |
| १३ | लिलावती हरिजन | कार्यपालिका सदस्य | |
| १४ | सोभावती हरिजन | कार्यपालिका सदस्य | सुभावती |
| १५ | छोटेलाल पासी | कार्यपालिका सदस्य | |
| १६ | सञ्जय कुमार शर्मा | लेखा अधिकृत | |
| १७ | नविन बिष्ट | कम्प्युटर अपरेटर | |

प्रस्ताव नं. १ : माटो उत्खनन् तथा बिक्रि आदेश सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८२ को दफा ८ को उपदफा १ बमोजिम र अनुसुची ६ को ३ अनुसार माटो साधारण(निजि जग्गाको समेत) बिक्री गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको बिक्री शुल्क प्रति क्यूब फिट रु. ३ मा भ्याट १३%(प्रतिशत) समेत समावेश गरी बिक्रि शुल्क लिई आर्थिक ऐनमा तोकिएको बमोजिमको मापदण्ड पुरा गरी माटो निकासी अनुमती दिने निर्णय गरियो ।

सुभावती

**प्रस्ताव नं. २ योगदानमा आधारित निबृतिभरण तथा उपदान कोष रकम जम्मा गर्ने सम्वन्धमा।**

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा पाल्हीनन्दन गाउँपालिकामा गत आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारको प्रदेश लोक सेवा आयोगवाट सिफारिस भई पालिकामा नियुक्त भएका कर्मचारीहरुको योगदानमा आधारित निबृतिभरण तथा उपदान कोषको रकम सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबको ६ प्रतिशत स्थानीय तहले र सोही बराबरको रकम सम्बन्धित कर्मचारीको तलबवाट कट्टा गरि कर्मचारी संचय कोषमा जम्मा गर्नु पर्नेमा गत वर्षमा (२०८१ श्रावण देखि २०८२ अषाढ सम्म) कार्यालयको तर्फवाट योगदानमा आधारित निबृतिभरण तथा उपदान कोषको रकम कट्टा गरि जम्मा नगरेको हुदा उक्त रकम कर्मचारी पारिश्रमिक शिर्षकवाट रकम रु.१८३५५८।९६ जम्मा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ बिद्यालय / मदरसा नगद अनुदान र बिद्यालयहरुको योजना तथा कार्यक्रमको रकम निकासा सम्बन्धमा।**

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा पाल्हीनन्दन गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा गाउं सभावाट स्वीकृत बिद्यालय / मदरसा नगद अनुदान र बिद्यालयहरुको योजना तथा कार्यक्रमको रकम निकासा निम्न कार्यक्रमहरु तपसिलका बमोजिम नमुना समझौताको ढांचामा समझौता गरि एक मुष्ठ सम्पूर्ण रकम अनुदान स्वरुप निकासा दिने निर्णय गरियो।

नमुना समझौता

**पाल्ही नन्दन गाउंपालिका (ब.सु.प.) बेलासपुर र ..........................................................**

**नवलपरासी (ब.सु.प.) बिच नगद अनुदान रकम सम्बन्धी सम्झौता**

यस सम्झौता पत्रमा **पाल्ही नन्दन गाउंपालिका (ब.सु.प.) बेलासपुर** (यसपछि पहिलो पक्ष भनिएको) र **................................................................................ नवलपरासी (ब.सु.प.)** (यस पछि दोस्रो पक्ष भनिएको) बिच ................................................................ नवलपरासी (ब.सु.प.) व्यवस्थापनकालागी गाउंपालिकावाट स्वीकृत नगद अनुदान शिर्षक/ योजना तथा कार्यक्रमबाट बिद्यालय/ मदरसाको शैक्षिक/भौतिक अवस्था सुधारकालागी आवश्यक कार्यक्रम तथा योजनामा खर्च गर्ने गरि उल्लेखित शर्त बमोजिम आपसी सहमती र मञ्जुरीमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति दुबै पक्षले लिए दिएका छौं।

शर्तहरु

- पहिलो पक्षले दोस्रो पक्षलाई बिद्यालय ब्यवस्थापनकालागी रु........................................ (अक्षरुपी..............................................................................) नगद अनुदान स्वरुप रकम उपलब्ध गराउनु पर्ने छ।
- दोस्रो पक्षले आयोजना तथा कार्यक्रम मिति............................गते भित्र सम्पन्न गर्नु पर्ने छ।
- कुनै कारण बस तोकिएको समय भित्र आयोजना तथा कार्यक्रम सम्पन्न हुन नसकेमा मुनासिब कारण सहित दोस्रो पक्षले प्रथम पक्षलाई लिखित अनुरोध गरेमा आवश्यक म्याद प्रथम पक्षले थप गर्न सक्नेछ।
- प्रथम पक्षले आवश्यक परेमा प्राविधिक सहयोग मांग गरेमा दोस्रो पक्षले उपलब्ध गराउनु पर्ने छ।
- दोस्रो पक्षले आफुलाई प्राप्त अनुदान रकमबाट .......................................................... नवलपरासी (ब.सु.प.) व्यवस्थापनकालागी ब्यवस्थापन समितिको निर्णयवाट रकम वांडफाड गरि पालिकावाट समेत स्वीकृती लिई खर्च गर्नुपर्ने छ।
- सरकारी रकमको खर्च सार्वजनिक खरिद ऐन र नियमावली एवं प्रचलित कानुन बमोजिम दोस्रो पक्षले गर्नुपर्ने छ।
- दोस्रो पक्षले पहिलो पक्षलाई आफुले अनुदान रकमबाट गरेको खर्चको बिल भरपाईको प्रतिलिपी सहितको प्रतिवेदन कार्य सम्पन्न भएको मितिले १५ दिन भित्र गाउंपालिकालाई उपलब्ध गराउनु पर्नेछ।
- दोस्रो पक्षले अयोजना तथा कार्यक्रम सम्पन्न पश्चात १५ दिन भित्र बांकी रहेको रकम गाउंपालिकामा फिर्ता गर्नु पर्ने छ। बांकी रहेको रकम तोकिएको समय भित्र फिर्ता नगरेमा बिद्यालय र मदरसालाई दिइने जुन सुकै अनुदान रकम वाट कट्टा गरि हिसाब मिलान प्रथम पक्षले गर्ने छ।
- खर्चबाट हुने सम्पुर्ण आर्थिक दायित्व दोस्रो पक्षले लिनु पर्ने छ। खर्चको म.ले.प.समेत दोस्रो पक्षले गराउनु पर्ने छ।
- दोस्रो पक्षले सरकारी रकमको हिना मिना एवं खर्च कानून बमोजिम नगरेमा सम्पूर्ण बित्तिय जोखिम ब्रिद्यालयको खाता संचालन गर्ने प्रधानाध्यापक/लेखा हेर्ने कर्मचारी/ बि.ब्य.स.अध्यक्ष र निर्णय गर्ने बि.ब्य.स.ले लिनु पर्ने छ।

- पहिलो पक्षले नगद अनुदान उपलब्ध गराउदा कुनै किसिमको बित्तिय जोखिम प्रति जिम्मेवार हुने छैन्।
- कार्यक्रम कार्यन्वयन गर्दा एकीकृत कार्यक्रम कार्यान्वयन कार्यबिधि- २०८१ बमोजिम गर्नु पर्ने छ। सो कार्यबिधिले नसमेटोको भए प्रचलित कानून वमोजिम हुने छ।

१.पहिलो पक्षको तर्फबाट
हस्ताक्षर
नाम:
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति:

१. दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर
नाम:
पद:
मिति:

२.पहिलो पक्षको तर्फबाट
हस्ताक्षर
नाम:
पद:
मिति:

२.दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर
नाम:
पद:
मिति:

कार्यालयको छाप

कार्यालयको छाप

ईति सम्वत् ...................................................... गते रोज ............ शुभम्।

# बिद्यालय / मदरसा नगद अनुदान र बिद्यालयहरुको योजना तथा कार्यक्रमको रकम निकासाको बिवरण

| क्र. सं. | संकेत नं. | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | खर्च शिर्षक | स्रोत | बिनियोजित रकम | अनुदान पाउने निकायको नाम |
|---|---|---|---|---|---|---|
| १ | ५८२.२२.१.४० | मदरसा अरिबया अनवारुल ओलुम रमपुरवामा नगद अनुदान | २५३११ | राजस्व बाँडफाँड-प्रदेश सरकार | ४,००,०००.०० | मदरसा अरिबया अनवारुल ओलुम रमपुरवा |
| २ | ५८२.२२.१.७० | मदरसा बेलासपुरमा बिद्यालय व्यवस्थापन अनुदान रकम | २५३११ | राजस्व बाँडफाँड-प्रदेश सरकार | ५,००,०००.०० | मदरसा बेलासपुरमा बिद्यालय |
| ३ | ५८२.२२.१.९७ | कुश्मा ताजुल ओलुम आधारभुत मदरसामा नगद अनुदान | २५३११ | राजस्व बाँडफाँड-संघीय सरकार | ५,००,०००.०० | कुश्मा ताजुल ओलुम आधारभुत मदरसा |
| ४ | ५८२.२२.१.६ | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूतमा आवश्यक इलेक्ट्रिक सामग्री खरिदको लागि नगद अनुदान | २५३११ | राजस्व बाँडफाँड-प्रदेश सरकार | ५,००,०००.०० | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूत |
| ५ | ५८२.२२.१.६७ | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूतमा नगद अनुदान | २५३११ | राजस्व बाँडफाँड-प्रदेश सरकार | ५,००,०००.०० | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूत |
| ६ | ५८२.२२.१.४७ | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूत व्यवस्थापन | २५३११ | आन्तरिक श्रोत | ५,००,०००.०० | भगतपुरवा मदरसा अरिबया अहले सुन्नत ताजुल ओलुम आधारभूत |
| ७ | ५८२.२२.१.८१ | मदरसा अंहले सुन्नत सिद्दिकिया नुरुल ओलुम विद्यालय पडरीमा नगद अनुदान | २५३११ | नेपाल सरकार-समानिकरण अनुदान | २,००,०००.०० | मदरसा अहले सुन्नत सिद्दिकिया नुरुल ओलुम विद्यालय पडरी |
| ८ | ५८२.२२.१.५० | रमपुरवा मदरसा अरिबया अनवारुल ओलुममा नगद अनुदान | २५३११ | आन्तरिक श्रोत | ३,००,०००.०० | रमपुरवा मदरसा अरिबया अनवारुल ओलुम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ५८२.२२.१.८० | लोहरौली मदरसामा नगद अनुदान | २५३११ | नेपाल सरकार-समानिकरण अनुदान | ५,००,०००.०० | लोहरौली मदरसा |
| १० | ५८२.२२.१.१८५ | कुश्मा ताजुल ओलुम आधारभूत मदरसाको छात्रावास व्यवस्थापन तथा रंगरोदन कार्य | ३११५९ | राजस्व बाँडफाँड-प्रदेश सरकार | ४,००,०००.०० | कुश्मा ताजुल ओलुम आधारभूत मदरसा |
| ११ | ५८२.२२.१.४६९ | मदरसा ईस्लामिया आधारभूत विद्यालय बेलासपुरमा नगद अनुदान | २५३११ | नेपाल सरकार-समानिकरण अनुदान | ५,००,०००.०० | मदरसा ईस्लामिया आधारभूत विद्यालय |
| १२ | ५८२.२२.१.४७७ | ताजुल ओलुम आधारभूत मदरसा कुश्मा व्यवस्थापन | २५३११ | नेपाल सरकार-समानिकरण अनुदान | १०,००,०००.०० | ताजुल ओलुम आधारभूत मदरसा कुश्मा |
| १३ | ५८२.२२.१.३८८ | पुरानो मदरसा अहले सुन्नत सिद्धिकीयालाई अनुदान | २५३११ | राजस्व बाँडफाँड-संघीय सरकार | ३,००,०००.०० | पुरानो मदरसा अहले सुन्नत सिद्धिकीया |
| १४. | ५८२.२२.१.४८२ | मदरसा ईस्लामिया कमरुल ओलुम परसियामा नगद अनुदान | २५३११ | नेपाल सरकार-समानिकरण अनुदान | ५,००,०००.०० | मदरसा ईस्लामिया कमरुल ओलुम परसिया |

**प्रस्ताव नं. ४ गत आर्थिक वर्षमा भुक्तानी हुन बांकी बिल हरुको भुक्तानी सम्वन्धमा ।**

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा पाल्हीनन्दन गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ को अन्तमा कार्यालय प्रमुख नभएको र अन्य बिभिन्न कारणले गर्दा निम्न बमोजिमको भुक्तानी हुन बांकी रहेका बिलहरुमा कार्यालय प्रमुख र स्टोर प्रमुखको खरिद आदेश र दाखिला रिपोर्टमा दस्तखत बांकी भए वर्तमान कार्यालय प्रमुख र स्टोर प्रमुखको प्रमाणित गरि र खरिद आदेश र दाखिला रिपोर्ट नभए खरिद आदेश र दाखिला रिपोर्ट हाल तयार र प्रमाणित गरि बिल बमोजिमकको रकम भुक्तानी चालु आ.व. को तत् तत् शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | भुक्तानी पाउनेको व्यक्ति फर्म र कम्पनीको नाम | बिल मिति | बिल नं. | बिल रकम |
|---|---|---|---|---|
| १. | कमरे आलम स्टेशनरी | २०८२/०२/१० | २७२ | १९१२५।०० |
| | | २०८२/०२/१४ | २७५ | १९९००।०० |
| | | २०८२/०३/२० | ४२१ | १५१५०।०० |
| | | २०८२/०३/२४ | ४२५ | १६५००।०० |
| | | २०८२/०३/१८ | ४७२ | १९६७५।०० |

| | | | | |
|---|---|---|---|---|
| २. | न्यू परासी बुक्स एण्ड स्टेशनरी | २०८२/०३/१० | ४६१ | १८०९०।०० |
| | | २०८२/०२/१३ | ४६१ | ११८९५।०० |
| | | २०८२/०२/१४ | ३७० | ११७७५।०० |
| | | २०८२/०२/१५ | ३७३ | ११९००।०० |
| ३. | राजु डिजिटल फ्लेक्स प्रिन्ट | २०८२/०३/१० | २१ | १८६४९।०० |
| ४. | राजु आर्ट्स परासी | २०८२/०३/२१ | ५१७ | ११५००।०० |
| | | २०८२/०३/२२ | ५२१ | ११८००।०० |
| | | २०८२/०३/२३ | ५२५ | ११२५०।०० |
| | | २०८२/०३/१७ | ३०६४ | १८०००।०० |
| ५. | संगम जनरल स्टोर्स रामग्राम-३ | २०८२/०३/१२ | २०५ | ११८००।०० |
| ६. | सुरज इलेक्ट्रिक स्टोर्स रामग्राम-३ | २०८२/०३/१२ | ९२३ | १६४३०।०० |
| | | २०८२/०३/१२ | ९२३ | १६४३०।०० |
| ७. | जयसवाल चिया नास्ता पसल | २०८२/०३/१० | ७१२८१ | ३००००।०० |
| ८. | हाम्रो दिपेन्द्र किराना पसल | २०८२/०३/२१ | ५२८ | १७४००।०० |
| | | "२०८२/०३/२१ | ५२१ | १६०००।०० |
| ९. | अन्नपूर्ण रेष्टुरेन्ट | २०८२/०३/२ | ८८ | १६११०।०० |
| | | २०८२/०३/३ | ९४ | ११९५०।०० |
| १०. | रिबोर्न होटल एण्ड पार्टी प्यालेस प्रा.लि. | ०८१/०१/१८ | ३२१ | १४४२४।०० |
| | | ०८१/०१/२३ | ३२६ | २३२१०।०० |
| | | ०८१/०१/२२ | ३२५ | ६५४२७।०० |
| ११. | खुसी रेष्टुरेन्ट | २०८२/०३/९ | ७१७ | ४४२०।०० |
| १२. | प्रतिमा मिष्ठान भण्डार | २०८२/०३/८ | १०० | १६४०।०० |
| १३. | जयसवाल चिया नास्ता पसल | २०८२/०३/०६ | ९६ | ४०८०।०० |
| | | २०८२/०१/२० | ८२ | १८५००।०० |
| | | २०८२/०३/०६ | ८४ | १३७९५।०० |
| १४. | रिभर क्वीन रेष्टुरेन्ट | २०८१/०७/२५ | २७७ | ३३०२४।०० |
| १५. | बुटवल पब्लिकेशन प्रा.लि. | २०८२/०१/२५ | ११९८ | ८८५१२।०० |
| १६. | आर्या अटो स्पेयर पार्टस परासी | बिभिन्न ५ वटा बिल | ३२ | २७१७८।०० |
| १७. | बृद्धाश्रम सहयोग समिति | २०८२/०४/१६ | ४०८ | १५०००।०० |
| १८. | सुदीप किचन एण्ड गिफ्ट हाउस | २०८१/०९/२८ | ४७६ | ११७००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | २०८१/०९/०९ | ४८३ | १८८५०।०० |
| १९. | सूचनाको हक मिडिया प्रा.लि. | २०८२/०५/२२ | ७५२ | १७०००।०० |

**प्रस्ताव नं. ५ ईन्जिनियर सतिस कुमार गुप्ताको भ्रमण आदेश अनुमोदन सम्वन्धमा।**

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा पाल्हीनन्दन गाउँपालिकामा चालु आर्थिक वर्षमा बिनियोजित लोहरौलीमा दुर्गा मुर्ति स्थापनाकालागी मुर्ति निर्माण गर्नकालागी मर्तिकार संग प्राविधिक सल्लाह र कसरी बनाउने स्थलगत अध्ययनकालागी काठमाण्डौ जानु भएकोमा ई. सतिश कुमार गुप्तालाई हवाई/बस टिकट भाडा र ४ दिनको भ्रमण खर्च भुक्तानी दिने निर्णय गरियो।

प्रस्ताव नं. ६ मेकेनिकल ईन्जिनियरको सेवा लिने सम्वन्धमा।

निर्णय नं. ६

प्रस्ताव नं.६ माथि छलफल गर्दा पाल्हीनन्दन गाउँपालिकामा बिभिन्न सवारी साधन र मेशीनरी यन्त्र उपकरण मर्मत एवं खरिद प्रयोजनकालागी मेकेनिकल ईन्जिनियरको आवश्यकता रहेको हुदा यस पालिकामा मेकेनिकल ईन्जिनियर नरहेकोले उक्त सेवा कुनै मेकेनिकल ईन्जिनियर लाई कार्य अवधि तोकि सेवा लिए वापत प्रति दिन २०००।०० पारिश्रमिक र कार्य अवधि भरि अधिकृत स्तरको दैनिक भ्रमण भत्ता दिई सेवा लिने निर्णय गरियो।